# MEDIA ADVISORY

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

**सत्य र न्यायका लागि उठेका पीडितहरूको आवाजलाई जवाफ चाहिएको छः**
**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालय**

२०६८ जेठ ३१,

*काठमाडौं* - संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (उच्चायुक्तको कार्यालय-नेपाल)ले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोग गरी दुईवटा सङ्क्रमणकालीन न्याय संयन्त्र स्थापना गर्ने कानुनमाथि पीडितहरूको सरोकारका सम्बन्धमा नेपालभरिका पीडितका प्रतिनिधि तथा उच्च सरकारी अधिकारी र राजनीतिक नेताहरूबीचको अन्तर्क्रियालाई हाल सहजीकरण गरिरहेको छ। “सत्य तथा न्यायका लागि आवाजः सङ्क्रमणकालीन न्यायसम्बन्धी उच्चस्तरीय छलफल” शीर्षकको सो कार्यक्रम असार १ गते बुधबार काठमाडौंस्थित होटल एभरेस्टमा सञ्चालन हुँदैछ।

पाँच विकास क्षेत्रका पीडितहरू, महान्यायाधिवक्ता, संविधानसभाका सदस्य, कानुन व्यवसायी, वरिष्ठ राजनीतिक नेताहरू एवं नागरिक समाज सङ्गठन, राष्ट्रिय मानवअधिकार संस्था र कूटनीतिक तथा अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिलगायत एक सयभन्दा बढी सहभागीहरूलाई कार्यक्रममा भाग लिन आमन्त्रण गरिएको छ। कतिपय वरिष्ठ राजनीतिक नेताहरूले आफू सहभागी हुने पुष्टि गरेका छन्। प्रधानमन्त्री र एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का अध्यक्ष दुवैजना कार्यक्रममा उपस्थित हुने अपेक्षा गरिएको छ।

यो कार्यक्रम उच्चायुक्तको कार्यालय-नेपालद्वारा विगत दुई महिनामा नेपालगन्ज, विराटनगर तथा धुलिखेलमा आयोजित परामर्श कार्यक्रमहरूको उत्कर्ष हो। ती परामर्शहरूमा मानवअधिकारको घोर उल्लङ्घन तथा दुर्व्यवहारबाट पीडितका प्रतिनिधिहरूले हाल व्यवस्थापिका–संसद्मा विचाराधीन सङ्क्रमणकालीन न्यायसम्बन्धी दुईवटा विधेयकका सम्बन्धमा आ–आफ्ना सरोकारहरू प्रस्तुत गरेका थिए।

*“ती विधेयकमा गरिनुपर्ने संशोधनबारेका सुझावहरू मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारका ती द्वन्द्वपीडितहरूबाट नै आएका छन् जसलाई यी कानुनले सर्वाधिक रूपमा सहयोग गर्नुपर्छ र यी अन्तर्राष्ट्रिय मान्यता तथा मापदण्डहरूसँग पूर्णरूपले अनुकूल हुनुपर्छ”, उच्चायुक्तको कार्यालय-नेपालकी प्रमुख ज्योति साङ्घेराले भन्नुभयो।*

Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937